त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर ।
Pulchowk, Lalitpur

च.नं. २४१।०६६।०७०

मितिः २०७९।०५।०१

श्री सिभिल इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री आर्किटेक्चर विभाग,
पुल्चोक क्याम्पस ।

श्री मेकानिकल एण्ड एरोस्पेश इ. विभाग
पुल्चोक क्याम्पस।

श्री इलेक्ट्रोनिक्स तथा कम्प्युटर इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री इलेक्ट्रिकल इ. विभाग,
पुल्चोक क्याम्पस ।

श्री एप्लाइड साइन्सेस एण्ड के. इ. विभाग
पुल्चोक क्याम्पस।

## विषयः ADF Elite गरीब तथा जेहेन्दार छात्रवृत्ति सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा त्रि.वि.इ.अ.सं. व्यवहारिक अनुसन्धान तथा विकास केन्द्रको च.नं. ०८ मिति २०७९।०४।२६ गतेको पत्रमा उल्लेख गरेबमोजिम ४ जना गरीव तथा जेहेन्दार विद्यार्थीहरुको नामावली छनौट गरी पठाउनुपर्ने भएको हुँदा मिति २०७९ भाद्र ९ गते ५:०० बजेसम्म यस शैक्षिक प्रशासन शाखामा आईपुग्ने गरी निवेदन दर्ता गर्नहुन सम्वन्धित सबैको जानकारीका लागि यसै सूचनाद्वारा सूचित गरिन्छ ।

*संलग्नः व्यवहारिक अनुसन्धान तथा विकास केन्द्रको च.नं. ८ मिति २०७९।०४।२६ गतेको पत्रको प्रतिलिपी १ थान ।*

बोधार्थ

- श्री सहायक क्याम्पस प्रमुखज्यू (शैक्षिक), पुल्चोक क्याम्पस ।
- श्री नयाँ/महिला छात्रावास, पुल्चोक क्याम्पस ।

सुदर्शन बहादुर रघुवंशी
प्रमुख
शैक्षिक प्रशासन शाखा

बोधार्थ तथा कार्यार्थ

- श्री आर्थिक प्रशासन शाखा, पुल्चोक क्याम्पस ।
- श्री सूचना तथा प्रविधी केन्द्र, पुल्चोक क्याम्पस ।- पुल्चोक क्याम्पसको Web Site: www.pcampus.edu.np मा राखिदिन हुन ।

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ अध्ययन संस्थान
Institute of Engineering
व्यवहारिक अनुसन्धान तथा विकास केन्द्र
Centre for Applied Research and Development (CARD)

Pulchowk, Lalitpur, Nepal
G.P.O. Box: 1915 Kathmandu, Nepal
Tel.: 977-1-5521310, 977-1-5530610
Fax : 977-5-525830
E-mail: card@ioe.edu.np

च.नं. ०८/०७९/०८०

मितिः २०७९।०४।२६ (Aug 11, 2022)

- श्री पुल्चोक क्याम्पस, इ.अ.स. पुल्चोक ।
- श्री पश्चिमान्चल क्याम्पस, इ.अ.स. पोखरा ।
- श्री थापाथली क्याम्पस, इ.अ.स. थापाथली ।
- श्री पुर्वान्चल क्याम्पस, इ.अ.स. धरान ।

पुल्चोक क्याम्पस
दर्ता नं. ८५६।०७९।०८०
मितिः ७९।४।३०

विषय : **ADF Elite** *गरीव तथा जेहेन्दार* छात्रवृति सम्वन्धमा ।

उपरोक्त विषयमा इ.अ.स. डीनको कार्यालय तथा Asia Development Foundation (ADF), Korea बिच सम्पन्न MOU अनुसार इ.अ.स.लाई प्राप्त गरीव तथा जेहेन्दार छात्रवृति सिट संख्या ८ (आठ) मध्ये माथि उल्लेखित क्याम्पसहरूलाई २/२ सिट उपलब्ध गराइने भएकोले त्यस क्याम्पसमा स्नातक तहमा प्रथम वर्ष प्रथम खण्डमा अध्ययनरत विद्याथीहरू मध्ये बाट छात्रवृति प्रयोजनार्थ प्रत्येक क्याम्पसबाट ४ (चार) जना छात्र/छात्रा छनौट गरी माग गर्ने निर्णय (As per new decision from ADF) भए वमोजिम ४ (चार) जना गरीव तथा जेहेन्दार विद्यार्थीहरूको नामावली २०७९।०५।१० (Aug 26, 2022) भित्र यस कार्यालयमा उपलब्ध गराइ दिन हुन अनुरोध छ ।

छात्रवृतिका लागि शर्तहरू

१. विद्यार्थी स्नातक तहमा प्रथम वर्ष प्रथम खण्डमा अध्ययनरत हुनु पर्नेछ ।
२. यस छात्रवृतिमा छनौट भएको विद्यार्थीले अरू कुनै किसिमको छात्रवृति लिन पाउने छैन । लिएको जानकारी प्राप्त हुन आएमा पहिला लिएको छात्रवृति वापतको रकम असुल उपर गरिनेछ ।
३. उम्मेदवारले कक्षा ८,९ र १० (एस.एल.सि) सामुदायीक विद्यालयमा अध्ययन गरेको हुनु पर्नेछ ।
४. कक्षा ११ र १२ सामुदायीक विद्यालय वा नेपाल भित्रका विश्वविद्यालयहरूको आगिंक क्याम्पसमा अध्ययन गरेको हुनुपर्नेछ । तर नेपाल सरकारको छात्रवृति प्राप्त गरी अन्य निजि कलेजमा अध्ययन गरेको भए सो को प्रमाण पेश गर्नुपर्नेछ ।
५. विपन्नताको प्रमाण स्वरूप विद्यार्थीहरूले गांउपालिका वा नगरपालिकाबाट नेपाल सरकारले ताकेको मापदण्ड अनुरूप न्यूनआयश्रोत भइ गरिबीको रेखा मुनि परेको भनि प्रमाण सहित आधार र कारण समेत उल्लेख गरेको सिफारिस अनिवार्य रूपमा पेश गरेको हुनुपर्नेछ ।
६. प्रत्येक क्याम्पसबाट प्राप्त ४ (चार) उम्मेदवारहरूको अन्तरवार्ता ADF का प्रतिनिधिबाट हुनेछ र ४ (चार) मध्ये दुईजनालाई छात्रवृति प्रदान गरीनेछ । कुनै कारणवश अन्तरवार्ता लिन नसकिएमा ADF को नियम अनुसार छनौट गरिनेछ ।
७. छात्रवृतिको रकम प्रति वर्ष प्रति विद्यार्थी **US$ 500** वरावरको नेपाली रूपैयां हुनेछ ।
८. छात्रवृति प्राप्त गर्नेहरूले प्रत्येक वर्ष प्रत्येक खण्डको Progress Report पेश गर्नु पर्नेछ । Progress Report ADF को नियमानुसार नभएमा छात्रवृति रोक्का हुनेछ । हालको नियमानुसार Progress Report 3.2/4 (कम्तीमा ८० प्रतिशत) हुनुका साथै सम्पूर्ण विषयमा उत्तिर्ण हुनु पर्नेछ ।
९. छात्रवृति प्राप्त उम्मेदवारको हकमा ADF र IOE विच भएको MOU को शर्तहरू लागु हुनेछ ।
१०. छात्रवृति प्राप्त विद्यार्थीको Progress Report, ADF को मापदण्ड अनुसार भएमा छात्रवृति पुरा अवधि ४ (चार) वर्षको लागि हुनेछ ।

**वोधार्थ :**
श्रीमान डीनज्यू
डीनको कार्यालय, इ.अ.स. पुल्चोक ।

Centre for Applied Research and Development, Institute of Engineering T.U.

प्रा.डा. संगीता सिंह
निर्देशक